## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

चौरजहारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : १२ मिति : २०७९/०८/२८

भाग-२

चौरजहारी नगरपालिका

**प्रमाणित मिति :-** २०७९/०८/२९

## अपाङ्गता व्यवस्थापन एवम् मूलप्रवाहिकरण सम्बन्धी कार्यविधि,२०७९

**प्रस्तावना:-** वर्तमान परिवेशमा स्थानीय तह नगरपालिकामा सामाजिक संघ-संस्था, अपाङ्गता व्यवस्थापनको लागि गाउँपालिकामा उपाध्यक्ष तथा नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा अपाङ्गता समन्वय समिति गठन हुने व्यवस्था छ । "स्थानीय सरकार सञ्चालन ऐन २०७४" (संशोधन २०७८ श्रावण) अनुसार जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तहरुको लगत अध्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण, अपाङ्गता पुनस्थापन केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमनको व्यवस्था गरिएको छ । यसै ऐनको स्वास्थ्य अन्तरगत स्थानीयस्तरमा प्रवद्र्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक जस्ता सेवाहरुको सञ्चालन र व्यवस्थित गराउनु पर्ने विषय उल्लेख गरिएको छ । महिला बालबालिका जेष्ठ नागरिक शाखालाई अपाङ्गता फोकल शाखाको रुपमा जिम्मेवारी तोकिएको छ ।

अपाङ्गता भएका बालबालिका, व्यक्तिहरुको तथ्याङ्क अध्यावधिक गर्न, अविलम्ब पहिचान गर्न, अभिलेख राख्न, उनीहरुको सेवाको आवश्यकता पहिचान गर्न समुदायस्तरमा पुनर्स्थापनाका सेवाहरु प्रदान गर्न, अपाङ्गता र समावेशी विकास जस्ता कार्यको लागि आवश्यक सहयोग पु¥याउन बिशेष किसिमको प्राविधिक ज्ञान, सीप, दक्षता, अनुभव भएको मानव संशाधनको आवश्यकता पर्दछ । त्यस किसिमको

मानव संशाधनको व्यवस्था गर्न सकेमा अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुको लागि पुनर्स्थापना सेवा प्रदान, अधिकारको सुनिश्चितता, मानवीय सहयोग गर्न सकिने र उनीहरुको दैनिक जीवनयापनका क्रियापलापमा सहजता ल्याउनमा मद्धत पुग्नेछ, परिणामस्वरुप मुलप्रवाहीकरणको लागि वातावरण तयार हुनेछ । संयुक्त राष्ट्र संघ, विश्व स्वास्थ्य संगठन सि.बी.आर कार्यक्रमको सैद्धान्तिक पक्ष तथा अपाङ्ग बाल अस्पताल तथा पुनरुथापन केन्द्र, सि.बी.आर.कार्यक्रमको अनुभवको आधारमा सि.बी.आर.सहजकर्ता / पुनर्स्थापना सहजकर्ता / सामाजिक परिचालक मार्फत अपांगता भएका व्यक्तिहरुको व्यवस्थापनको लागि चौरजहारी नगरपलिका स्थानिय सरकार संचालन ऐन,२०७४ अनुसार अपाङ्गता व्यवस्थापन एवम् मूलप्रवाहिकरण सम्बन्धी कार्यविधि,२०७९ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १.संक्षिप्त नाम,तथा प्रारम्भः

१. यस कार्यविधिको नाम "**अपाङ्गता व्यवस्थापन एवम् मूलप्रवाहिकरण सम्बन्धी कार्यविधि, २०७९**" रहेको छ ।

२. यो कार्यविधि यस आर्थिक वर्षको सुरुवातदेखि नै लागु हुनेछ ।

### २.परिभाषाः-

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. संविधान भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

२. नगरपालिका भन्नाले चौरजहारी नगरपालिका सम्झनु पर्दछ ।

३. प्रमुख भन्नाले चौरजहारी नगरपालिका मेयर सम्झनु पर्दछ ।

४. उप-प्रमुख भन्नाले चौरजहारी नगरपालिका उप-मेयर सम्झनु पर्दछ ।

५. प्रमुख प्रशासकीय अधिकृत भन्नाले चौरजहारी नगरपालिका प्रमुख प्रशासकीय अधिकृलाई सम्झनु पर्दछ ।

६. कार्यविधि भन्नाले चौरजहारी नगरपालिका अपाङ्गता व्यवस्थापन एवम् मूलप्रवाहिकरण सम्बन्धी कार्यविधि,२०७९

७. पुनर्स्थापना सहजकर्ता / सामाजिक परिचालक भन्नाले यस कार्यविधि अनुसार कार्य गर्ने व्यक्तिलाई बुझ्नु पर्दछ ।

८. अस्पताल भन्नाले पालिका भित्र रहेका १५ शैंयासम्मको अस्पताललाई सम्झनु पर्दछ ।

९. कार्यालय भन्नाले महिला बालवालिका तथा जेष्ठ नागरिक समन्वय ईकाइलाई सम्झनु पर्दछ ।

१०. काम, कर्तव्य भन्नाले अपाङ्गता भएका बालवालिकाको गृहभेट, अनुगमण, पहिचान, परामर्श प्रेषण, फिजियो थेरापी, सहायक सामाग्री नापजांच, सहायक सामाग्री वितरण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

चौरजहारी नगरपालिका

११. माथी उल्लेखित कार्य गर्नको लागि अपाङ्गता व्यवस्थापन सम्बन्धी कम्तिमा एक महिना/तिन महिना पि आर टी तालिम गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

१२. समन्वय तथा सहजिकरण भन्नाले उपाध्यक्ष, पालिका भित्रका स्वास्थ्य चौकी, महिला बालवालिका तथा समाज कल्याण उपशाखा,विद्यालयहरु र प्रहरी चौकीसंग समन्वय गरि कार्य बुझ्नु पर्दछ ।

१३. पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरि कर्मचारीको दरवन्दी,पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यक्ता अनुसार स्वीकृती प्रदान गर्ने ।

१४. कर्मचारीको सेवा शर्त र सुविधा आदि सम्बन्धी व्यवस्था नगरपालिका निर्णय अनुसार हुनेछ ।

## परिच्छेद २

## उद्देश्यहरू

**३. यस कार्यविधिका उदेश्यहरु देहाय बमोजिम रहेका छनः**

१. शारीरिक अपाङ्गता भएका बालबालिकाको अविलम्ब पहिचान गर्नु ।

२. अपाङ्गता भएका भएका बालबालिकाको उपचार योजना तयार र चिकित्सकीय सेवा प्रदान ।

३. पुनस्थापनको योजना तयार गर्ने, फिजियोथेरापी, सहायक सामग्री, कृत्रिमअङ्ग तथा अन्य सेवाद्धारा पुनर्स्थापना गर्नु ।

४. परामर्श तथा दैनिक जीवनयापनका क्रियाकलापमा आत्मनिर्भर गराउन सहजीकरण गर्नु।

५. अपाङ्गता भएका व्यक्ति प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्न ।

## परिच्छेद ३

**४. अपाङ्गता व्यवस्थापन एवम् मूलप्रवाहिकरण सम्बन्धी कार्य देहाय बमोजिम हुनेछः**

१. दैनिक जीवनयापनका क्रियाकलापमा आत्मनिर्भर तथा गमनशीलतामा अभिबृद्धि हुनेछ ।

२. अपाङ्गता भएका बालबालिका, व्यक्तिहरुको समुदायमा समावेशी सहभागिता बढ्ने छ ।

३. आफ्नो अधिकारको उपभोग गरी निर्णय प्रकृयामा सक्रीय सहभागिता बढ्ने छ ।

४. अपाङ्गता न्यूनीकरण तथा रोकथाम कार्यमा सहयोग पुग्नेछ ।

५. सामाजिक सुरक्षा भत्ता लिनेहरुको कमी हुनेछ ।

६. रोजगारी अभिबृद्दि भई आर्थिक बृद्दि हुनेछ ।

**५. अपाङ्गता व्यवस्थापन एवम् मूलप्रवाहिकरण सम्बन्धी सेवाहरु देहाय बमोजिम हुनेछः**

१. अपाङ्गता भएका बालवालिकाहरुको पहिचान (गृहभेट), घुम्ती शिविर ।

२. उपचार तथा शल्यक्रिया ।

३. सहायक सामाग्री नापजाँच तथा कृतिम अंगहरु तयारी विरतण ।

४. फिजियो थेरापी, परामर्श, रिफर ।

५. नियमित अनुगमण ।

गौरादह नगरपालिका

६. सामाजिकरणमा पहल ।

७. पालिकाको हरेक क्षेत्रमा सक्रिय सहभागिता ।

८. शसक्तिकरण, अपाङ्गता, समावेशी विकास सम्बन्धी अभिमुखिकरण

९. अपाङ्गता परिचय पत्र वितरणमा सहभागी भई पुर्ण सहयोग हुनेछ आदि।

## परिच्छेद ४

## शैक्षिक योग्यता सम्बन्धी व्यवस्थाः

### ६. सि.बी.आर.सहजकर्ता/पुनस्र्थापन कार्यकर्ता/सामाजिक परिचालकको न्युनतम योग्यता र अनुभवहरुः

१. पि आर टी तालिमलाई पहिलो प्राथमिकता दिइनेछ ।

२. दश जोड दुइ (१२ कक्षा) उत्तीर्ण वा एस.एल.सी. उत्तीर्ण, अ.न.मी र सि.एम.ए/एच एरस्टाफ नर्स उत्तीर्ण वा सो सरह उत्तीर्ण।

३. अपाङ्गता व्यवस्थापन वा सि.बी.आर. सम्वन्धी तालिम प्राप्त ज्ञान, सीप, अनुभव भएको, वा सामाजिक परिचालक सम्वन्धी तालिम लिएको तथा कार्य अनुभव भएको ।

४. प्राथमिक पुनर्स्थापन चिकित्सा (Primary Rehabilitation Therapy Training) तालीम प्राप्त ।

५. अपाङ्गता व्यवस्थापन एवम् सि.बी.आर. सम्वन्धी कम्तीमा १ बर्षको कार्य अनुभव भएको ।

६. अपाङ्गता र समावेशी विकास, सि.बी.आर, अपाङ्गता तथा बालअधिकार, लैङ्गीक समानता, मनोसामाजिक विमर्श र समावेशीकरण सम्बन्धी ज्ञान, सीप, अभिमुखिकरण र सचेतीकरणको अनुभव भएको ।

७. संचार तथा सुचना प्रविधि सम्बन्धी ज्ञान, सीप र अनुभव भएको ।

८. योजना तर्जुमा तथा प्रतिवेदन तयार सम्वन्धी ज्ञान, सीप र अनुभव भएको ।

९. मोटरसाइकल, स्कुटी चलाउने सम्वन्धी ज्ञान, सीप र अनुभव भएको, आदि ।

### ७. सि.बी.आर.सहजकर्ता/ पुनस्र्थापन कार्यकर्ता/ सामाजिक परिचालकको मुख्य जिम्मेवारीहरुः

१. नगरपालिका र अपाङ्गता बाल अस्पताल तथा पुनस्र्थापन केन्द्र दुबै संस्थाको साझा फोकल व्यक्ति (Focal Person) को रुपमा काम गर्ने छ ।

२. “अपाङ्गता व्यवस्थापन एवम् मुलप्रवाहीकरण” सम्वन्धी कार्यक्रमको नगरपालिका र अपाङ्गता बाल अस्पताल तथा पुनस्र्थापन केन्द्रको बीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

३. “अपाङ्गता व्यवस्थापन एवम् मुलप्रवाहीकरण” कार्यक्रमको लागि नगरपालिका तथा स्थानीय संघसंस्थाहरुसंग स्रोत परिचालनमा आवश्यक पहल र सहयोग गर्ने ।

४. नगरपालिकामा अपाङ्गता भएका बालबालिका र व्यक्तिको तथ्याङ्क, सूचना जानकारी अध्यावधिक गर्ने र अभिलेख राख्ने ।

५. अपाङ्गता भएका बालबालिका र व्यक्तिको लागि पुनर्स्थापना सम्वन्धी योजना बनाई कार्यन्वयन गर्ने।

६. अपाङ्गता भएका बालबालिका र व्यक्तिलाई मेडिकल कन्सल्टेशन, उपचार, शल्यक्रिया, चिकित्सा अनुगमनको लागि परामर्श तथा प्रेषण गर्ने ।

७. अपाङ्गता भएका बालबालिकालाई सि.बी.आर.तथा पुनर्स्थापनाका सेवाहरु प्रदान गर्ने जस्तैः फिजियोथेरापी सेवा, अनुगमन-गृह भेट गर्ने, उपचार, सामाजिकीकरणका लागि परामर्शस तथा सहजीकरण गर्ने, उपचार पुनर्स्थापना सम्वन्धी फाराम (Children Follow-up Report Form) भर्ने ।

८. उपचारकालागी नगरपालिकाबाट सिफरिस दिई अपाङ्गता बाल अस्पताल तथा पुनरुथापन केन्द्र (HRDC) मा सिफरिस गर्ने ।

९. सहायक सामग्री, कृत्रिमअङ्गको नाप-जाँच, सम्वन्धित प्राविधिकसंग परामर्श, संकलन र वितरण गर्ने ।

१०. शिक्षा, व्यवसायिक तालीम, सीप, आयमुलक काम आदि सम्वन्धमा समन्वय गरी र योजना बनाउन सहयोग गर्ने ।

११. सशक्तीकरणः सि.बी.आर., पुनर्स्थापना, अपाङ्गता र समावेशी विकास, अपाङ्गता र बालअधिकार, अपाङ्गता ऐन कानून, सरकारी सेवा सुविधा आदि विषयहरुमा अभिमुखिकरण गर्ने ।

१२. अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुको सफलताको कथा तयार पार्ने, अभिलेख राख्ने, गरिएका कामको प्रतिवेदन तयार पार्ने ।

१३. सम्बन्धित नगरपालिकाको आवश्यकता अनुसार अन्य कार्यहरुमा सहयोग गर्ने ।

## परिच्छेद ५

### ८. बचाउ

१. यस कार्यविधिमा लेखिएका बाहेकको व्यवस्था बाहेक स्वास्थ्य ऐन, २०७४, स्थानिय सरकार संचालन ऐन, २०७४ र नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

२. यस नगरपालिका भित्र रहेका शारिरिक अपाङ्गता भएका बालवालिकाहरुको अपाङ्गता बालअस्पतालसंग साझेदारी गरि कार्यविधि बमोजिम काम गरिनेछ ।

३. यो कार्यविधि लागु हुनुपुर्व यस नगरपालिका भित्रका क्रियाशिल स्वास्थ्य चौकी, विद्यालय, संघ संस्था वा अस्पतालहरुमा तोकिएको मापदण्डमा यसै कार्यविधि बमोजिम मानिनेछ ।

४. यो कार्यविधि लागु पश्चात भौतिक संरचना निर्माण गर्दा अपाङ्गता मैत्री संरचना निर्माणमा नगरपालिका अग्रसर हुनेछ ।

आज्ञाले,
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत